# वडा स्तरीय योजना संचालन सम्वन्धमा तयार गरिएको मार्गदर्शन २०७९

१) योजनाका सम्पूर्ण सरोकारवालाहरुको सहभागिता र लिखित उपस्थितीमा उपभोक्ता उपभोक्ता समिति गठन गर्ने । उपभोक्ता समितिका पदाधिकारिहरुको नेपाली नागरिकता प्रमाणपत्रको छायाप्रति सहितको विवरण गाँउपालिकाको योजना शाखामा उपलब्ध गराउने ।

२)उपभोक्ता समिति गठन पश्चात वडाका सम्पूर्ण उपभोक्ता समितिका अध्यक्ष सचिव र कोषाध्यक्षलाई गाँउपालिकाद्वारा उपभोक्ता समितिका पदाधिकारीका लागि प्रदान गरिने अभिमुखिकरण कार्यक्रममा अनिवार्य रुपमा सहभागि गराउने ।

३)उपभोक्ता समितिलाई योजना सम्झौता पूस्तिका भर्ने र विवरण अधावधिक रुपमा राख्ने कार्यमा वडा सचिवको प्रमुख जिम्मेवारीमा सहायक कर्मचारीको सहयोगमा आवश्यक सहजिकरण गर्ने ।

४) लागत अनुमान लगायत योजना कार्यन्वयनका लागि तयारी पुरा भए पश्चात बढीमा दुई पटकमा वडा स्तरीय योजना वडा कार्यालयमा नै सम्झौताको कार्य सम्पन्न गर्ने गरी गाँउपालिकाको योजना शाखालाई योजना सम्झौताको लागि पत्राचार गर्ने । बढीमा दुई दिनमा योजना सम्झौताको कार्य सम्पन्न गर्ने गरी सम्झौता मिति तय गर्ने ।

५) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४(परिमार्जन) सहित अनुरुप वडास्तरमा वडास्तरीय अनुगमन समिति गठन गरी गाउपालिकालाई जानकारी गराउने ।वडा स्तरमा संचालित विकास योजनाहरुको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी उपभोक्ता समिति/निर्माण ब्यवसायीलाई पृष्ठपोषण दिने र सो को प्रतिवेदन प्रत्येक महिनाको १ गते र १५ गते गाँउपालिकाको योजना शाखामा पठाउने ।

६) रु ५,००,००० (अक्षरेपी पाँच लाख सम्म)को लागत अनुमान रहेका योजनाहरुको भुक्तानी वडा स्तरीय अनुगमन समितिको सिफारिसको आधारमा दिईने भएकाले अनुगमनको कार्यलाई अति संवेदनशिल कार्यका रुपमा लिने ।

७) सम्वन्धित वडामा तोकिएको प्राविधिक कर्मचारीले आफ्नो वडा भित्रका योजनाहरुको निरन्तर निरीक्षण गरी उपभोक्ता समितिलाई आवश्यक सल्लाह, सुझाव र परामर्श दिने । गुणस्तरीय काम

जगत प्रसाद मुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

नभएको अवस्थामा वडा कार्यालय र गाँउ कार्यपालिकाको कार्यालय भौतिक पूर्वाधार विकास शाखामा जानकारी गराई प्राप्त निर्देशन बमोजिम कार्य अगाडी बढाउने ।

८) कायदिश र भुक्तानिका लागि तयार गरिने सम्पूर्ण कागजातहरुको जाच तथा टिप्पणी उठान सम्बन्धित वडा सचिवले गर्नुपर्ने ।

९) सूचना पाटी, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता उत्तरदायित्व अभिवृद्धिका औजारहरुको प्रभावकारी उपयोगमा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुले पूर्ण रुपमा जिम्मेवार भै कार्य गर्ने ।

१०) भुक्तानी गर्न गाँउपालिकाका कर्मचारी वडा कार्यलयमा पुग्न पर्ने भएकाले एकै प्रकृतिका योजनाको सुरु हुने र सम्पन्न हुने मिति राख्दा बढीमा २ पटकमा वडा स्तरीय योजनाको भुक्तानी गर्न सकिने गरी राख्ने ।

गाउँपालिका अध्यक्ष

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत